# Managed Switch & Network Rack
# आपूर्तिको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७१।१०।२५ गते)

यस बैंकको लागि आवश्यक दरभाउपत्र फारामसाथ संलग्न Technical Specification अनुसारका **Managed Switch & Network Rack** खरिद गर्नु पर्ने भएकोले सो **Managed Switch & Network Rack** हरु Supply गर्न सक्ने सम्बन्धीत रजिष्टर्ड फर्म, कम्पनी, एजेण्ट तथा अधिकृत बिक्रेताहरुले यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस बिभागमा आई पुग्ने गरी शिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ।

तपसिल

<u>शिलबन्दी दरभाउ पत्रका शर्तहरु:</u>

१) दरभाउपत्र फाराम दस्तुर रु. ५००।- (पाँचसय) मात्र (फिर्ता नहुने) यस बैंकको शाखा कार्यालय, थापाथली स्थित आम्दानी अन्य (९५९९०२०००) हिसावमा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर पेश गरेपछि यस बिभागबाट दरभाउपत्र फाराम प्राप्त हुनेछ।

२) दरभाउपत्र फाराम साथ नविकरण गरिएको फर्म / कम्पनि दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मूल्य अभिबृदि कर दर्ता प्रमापत्र, कम्पनीको हकमा प्रबन्धपत्र, नियमावलि, अध्यावधिक गरेको शेयर दर्ता कितावको श्रेस्ता, प्रोप्राईटर, साझेदार, संचालकहरुको नागरिकताको प्रमाणपत्र र कार्यानुभवको प्रमाणहरुको प्रतिलिपी तथा साझेदारी फर्मको हकमा सिलबन्दी दरभाउपत्र पेश गर्ने साझेदारी बिचको निर्णय तथा सो कार्य गर्न अख्तियारी प्रत्यायोजन गरिएको संचालक समितिको निर्णय नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

३) दरभाउपत्र साथ आफुले कबोल गरेको कूल रकमको नेपाली नागरीक वा नेपालमा दर्ता भएको संगठित संस्था भएमा ५% (पाँच प्रतिशत) र गैर नेपाली नागरीक वा बिदेशि संगठित संस्था भएमा १०% (दश प्रतिशत) ले हुने रकम धरौटी बापत शाखा कार्यालय, थापाथली स्थित अर्नेष्ट मनी (१६१२००००) हिसावमा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा यस बैंक बाहेक अन्य **'क'** वर्गको बाणिज्य बैंकले यस बैंकको नाममा जारी गरेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ। बैंक ग्यारेण्टीको अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिनको हुनु पर्नेछ।

४) दरभाउपत्र स्वीकृत भएपछि बोलपत्रदाताले सूचना पाएको ७ दिन भित्र कबोल अंकको १०% ले हुने रकम धरौटी बापत यस बैंकको शाखा कार्यालय थापाथली स्थित सुरक्षीत धरौटी अन्य दायित्व (१६११००००) हिसावमा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा बैंक जमानत पेश गर्नेको हकमा कबोल अंकको १०% रकम बरावरको यस बैंक बाहेक अन्य **'क'** वर्गको बाणिज्य बैंकबाट यस बैंकको नाममा जारी भएको परफमेन्स बैंक ग्यारेण्टी पेश गरि सम्झौता गर्नु पर्नेछ। सो मा कुनै किसिमको व्याज दिइने छैन।

५) प्राबिधिक प्रस्तावमा सफल भएका प्रस्तावहरु मात्र आर्थिक प्रस्तावमा समावेश गरिनेछ।
कुनै दरभाउपत्र आंशिक वा पूर्ण स्वीकृत गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ र सो को कारण उल्लेख गर्न बैंक बाध्य हुने छैन। अन्य बिस्तृत जानकारीको लागि यस बिभागमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ।

६) दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले रितपूर्वक सहिछाप तथा सिलबन्दी गरी दरभाउपत्रदाता आफैले वा आपनो अधिकार प्राप्त प्रतिनिधि मार्फत वा हुलाक वा कुरीयर मार्फत प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिन दिउँसो १२:०० सम्ममा दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ। सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा यस बिभागमा खोलिनेछ। तर नीजहरुको अनुपस्थितिमा समेत दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

७) दरभाउपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै दरभाउपत्र दर्ता वा खोल्ने कार्य हुनेछ। म्याद नाघी वा रीत नपुगी दाखिला भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८) दरभाउपत्र फाराममा दररेटको अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ। केरमेट भएको हुनु हुँदैन। कथं कदाचित अंक र अक्षरमा भिन्नता देखिएमा अक्षरुपीलाई मान्यता दिईने छ।

९) दरभाउपत्रका शर्तहरु र अन्य बिस्तृत बिवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

राष्ट्रिय बाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

राष्ट्रिय बाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय
**सामान्य सेवा विभाग**
फोन नं. ४२५२५९५ Ext. २४३२, २४२१

Golden Jubilee 50
राष्ट्रिय बाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.